आ.ब.२०८१/८२ को चौथो कार्यपालिका बैठक

असोज १८, २०८१, ने.स. ११४४, कौलाथ्व, २, शुक्रवार

आज मिति २०८१ असोज १८ गते शुक्रवारका दिनको २:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को चौथो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | ने.बि.प्रा.संगको सहकार्यमा सडक वत्ती जडान सम्वन्धी MOU एवं थप बजेट विनियोजन सम्वन्धमा | टोखा नगरपालिका क्षेत्रका मुख्य मुख्य सडकहरुमा नेपाल विधुत प्राधिकरणको लागत साझेदारीमा ( नगरपालिकाको ६५ प्रतिशत र ने.वि.प्रा. को ३५ प्रतिशत) सडकवत्ती जडानको लागि नेपाल विधुत प्राधिकरणसंग MOU गरी ने.वि.प्रा.बाट तयार भएको लागत अनुमान २ करोड ८५ लाख मध्ये नगरपालिकाले व्यहोर्नु पर्ने रकम १ करोड ८६ लाख मेयर उज्यालो कार्यक्रम अन्तर्गत सडक वत्ती जडान कार्यक्रम (सि.नं. २६६) शिर्षकमा विनियोजित रकमबाट रु ४८ लाख र नपुग रकम रु १ करोड ३८ लाख १५ औं नगरसभाबाट (खर्च शिर्षक नं. ३११५९ अन्य पूर्वाधार निर्माण) टोखा प्रहरी प्रभागको तल्लो भाग झुडोल तर्फ जाने पुल आसपास विष्णुमति करिडोरमा बाल निर्माण (३८/NCB/TM/W/२०८०-८१) (सि.नं. ५५४) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११२२ ( मेशिनरी तथा औजार, सडक वत्ती जडान) शिर्षकमा रकमान्तर गरी नेपाल विधुत प्राधिकरणलाई उपलव्ध गराउने । |
| ३ | खर्च मापदण्ड, २०८१ मा परिमार्जन सम्वन्धमा | नगरसभाको १५ औं अधिवेशनबाट चालु आ.ब.२०८१/८२ को लागि स्वीकृत विभिन्न कार्यक्रम संचालनको खर्चहरुको मापदण्ड,२०८१ मा भएका खर्चका दर र मापदण्ड संघीय, प्रादेशिक तथा अन्य स्थानीय तहको दररेट संग सापेक्ष नभएकोले कार्यक्रम संचालनमा असहज भई नगरसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न नसक्ने स्थिति देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गरी अपेक्षित प्रगति हासिल गर्न नगरसभाबाट स्वीकृत केहि खर्चका दररेट लगायतका मापदण्ड व्यवहारिक वनाउन परिमार्जन गर्नु पर्ने देखिएको तर तत्काल नगरसभाको बैठक बस्ने स्थिति नरहेकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी संलग्न अनुसूचि बमोजिम १५ औं नगरसभाबाट स्वीकृत खर्चका दररेट लगायतका मापदण्डमा परिमार्जन गरी परिमार्जित मापदण्ड बमोजिम स्वीकृत कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| ४ | अव्यवस्थित तार व्यवस्थापन सम्वन्धी कार्यदलको प्रतिवेदन सम्वन्धमा | नगरक्षेत्र भित्र रहेका अव्यस्थित तार व्यवस्थापनको अध्ययन गर्न गठन भएको कार्यदलले दिएको संलग्न प्रतिवेदन स्वीकृत गरी सोहि अनुसार अव्यवस्थित तार व्यवस्थापनको कार्य अगाडि बढाउने । |
| ५ | विपद व्यवस्थापनलाई प्रभावकारी बनाउने सम्वन्धमा | विपद व्यवस्थापन कार्यमा नगरपालिकाले हाल सम्म गरेका क्रियाकलाप वारे समिक्षा गरियो । आगामी दिनमा विपद प्रतिकार्य,उद्धार,राहत लगायत विपद व्यवस्थापनका क्रियाकलापलाई थप प्रभावकारी बनाउन समयमानै विपद व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु व्यवस्थापन गर्ने, नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समिति सक्रिय रुपमा क्रियाशिल हुने, Quick Response Team |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | खडा गरी २४ सै घण्टा सक्रिय राख्ने, नगरवासीलाई निरन्तर सूचना प्रवाह गर्ने, संघीय तथा प्रादेशिक निकायसंग आवश्यक समन्वय र सहकार्य गर्ने लगायतका कार्य संचालन गर्ने । |
| ६ | देउराली जनता फर्मास्यूटिकल्सको सम्पतिकर निर्धारण सम्वन्धमा उच्च अदालतको आदेश कार्यान्वयन सम्वन्धमा | उच्च अदालत पाटनको मिति २०८१-३-२५,च.नं. ४८६२ को पत्रानुसार रिट निवेदक देउराली जनता फर्मास्यूटिकल्स प्रा.लि. को अ.प्रा. बिमला कुमारी शर्मा बिरुद्ध टोखा नगरपालिकाको कार्यालय समेत भएको उत्प्रेषण परमादेश समेत( ०८०-wo-१२७०) रिट निवेदनमा उच्च अदालत पाटनबाट मिति २०८०-११-३० मा फैसला भई मिति २०८१-३-२५ मा प्रमाणिकरण भएको पूर्ण पाठ अनुसार सम्मानित उच्च अदालत पाटनबाट **मिति २०७५-११-१९ गते केहि नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ लागू भए पछि कानुन बमोजिम एकिन भएको सम्पतिकर र घरजग्गाकर निवेदक कम्पनिलाई कानुन बमोजिम निर्धारण गर्नु तथा असुल गर्नु भनि आदेश जारी भएको देखिएको**, सम्पतिकर र घरजग्गाकर असुल सम्वन्धी मूल कानुन प्रत्येक आ.ब.को लागि नगरसभाबाट स्वीकृत आर्थिक ऐन रहने, आ.ब.को अवधिभर जहिले सुकै सम्पति प्राप्त गरेको भएता पनि सम्पतिको मूल्याङ्कन बार्षिक रुपमा हुने व्यवस्था प्रत्येक आर्थिक ऐनमा रहेको, बार्षिक मूल्याङ्नको आधारमा नगरसभाबाट स्वीकृत दर बमोजिम प्रत्येक आ.ब.को सम्पतिकर हिसाव गरिने र विगत देखिनै नगरपालिका भरीका सम्पूर्ण करदाताहरुको सम्पतिकर दायित्व आ.ब. अवधिभर जहिलेसुकै सम्पति प्राप्त गरेपनि आर्थिक ऐनको प्रावधान बमोजिम पुरै आ.ब.को लागि निर्धारण भई असुल हुदै आएकोले सम्मानित उच्च अदालत पाटनबाट भएको आशय बमोजिम कानुन अर्थात आर्थिक ऐन, २०७५ बमोजिम आ.ब. २०७५/७६ को सम्पतिकर दायित्व १३६ दिनको लागि मात्र नभई सिंगो आ.ब.को लागि हिसाव गरिएको हुदाँ यसरी सम्पतिकर निर्धारण गरिएको बिषय सम्मानित उच्च अदालत पाटनको आदेश बमोजिम नै रहेकोले देउराली जनता फर्मास्यूटिकल्स प्रा.लि.ले मिति २०८१-३-२८ को पत्र मार्फत गरेको दाबी बमोजिम आ.ब. २०७५/७६ को लागि १३६ दिन मात्रको हुने गरी सम्पतिकर दायित्वको हिसाव परिवर्तन गर्न नमिल्ने भएकोले उक्त प्रा.लि.ले आ.ब. २०७५/७६ देखि चालु आ.ब. २०८१/८२ सम्म बुझाउनु पर्ने सम्पतिकर, आ.ब. २०७३/७४ देखि बुझाउनु पर्ने व्यवसायकर तथा आ.ब.२०७९/८० देखि बुझाउनु पर्ने भूमि तथा मालपोतकर सहित चालु आ.ब. २०८१/८२ सम्मको कूल बक्यौता कर रकम मध्ये गत आ.ब. २०८०/८१ मा विभिन्न मितिमा गरि ३ किस्तामा तिरेको रकम घटाई बाँकी रकम सम्वन्धित ४ नं. वडा कार्यालयमा दाखिला गर्न सम्वन्धित देउराली जनता फर्मास्यूटिकल्स प्रा.लि.लाई पत्राचार गर्ने, हाल सम्मको सम्पुर्ण बक्यौता कर असुल भए पश्चात मात्र उक्त प्रा.लि.को माग बमोजिम करचुक्ता प्रमाणपत्र उपलव्ध गराउने । |
| ७ | चण्डेश्वरी खानेपानीको Treatment Plant निर्माण | चण्डेश्वरी खानेपानीको Treatment Plant निर्माणको लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी कार्यको लागि परामर्श सेवा मार्फत खरिद प्रकृया अगाडि |

Scanned with CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>सम्वन्धमा</td><td>बढाउने ।</td></tr>
<tr><td>८</td><td>टोखा प्रज्ञा प्रतिष्ठान ऐन</td><td>टोखा नगरपालिका क्षेत्र भित्र रहेको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने उघेश्यले टोखा प्रज्ञा प्रतिष्ठान ऐनको मस्यौदा तयार गर्न सुशासन तथा सामाजिक विकास समितिलाई निर्देशन दिने र तयार भएको मस्यौदा विधायन समितिबाट सिफारिस भई आए पश्चात नगरसभामा पेश गर्ने ।</td></tr>
<tr><td>९</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>बिम्बाकाश कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ्ग प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>२.</td><td>प्रोपर क्रियसन प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>३.</td><td>रिजनरुट कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>४</td><td>साइनिङ्ग सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>५</td><td>आक्वा बिल्डर्स प्रा.लि.</td><td>टोखा-९</td><td></td></tr>
<tr><td>६</td><td>कुमारीमाई बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>७</td><td>जय शम्भु कन्स्ट्रक्सन एण्ड हार्डवेयर प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>८</td><td>त्रयम्बक निर्माण तथा सप्लायर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>९</td><td>प्यासन बिल्डर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>१०</td><td>कर्णटीका इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-७</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>विविध</td><td>१. वडा नं. २ मा कार्यरत कार्यालय सहयोगी बुद्धि नारायण डंगोल कार्यालय सम्वन्धी कामकाजको शिलशिलामा (पानी टयाङ्कीमा पानी भर्ने क्रममा लडेको) घाईते भई उपचार गर्नु परेकोले निजलाई औषधि उपचार खर्च वापत रु. १ लाख १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट सहायता स्वरुप उपलव्ध गराउने ।<br>२. वडा नं. ३ धनेश्वर स्थित ग्लोबल आई.एम.इ बैक देखि पूर्व तर्फको सडक छेउ भत्किन गएकोले सो मर्मत गर्ने आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु २ लाख ८० हजार विनियोजन गर्ने ।<br>३. वडा नं. ३ स्थित कुहिरे कम्पाउण्ड हुदै तल्लो ढलमल जोड्ने सडक मर्मतको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु ४३ हजार ९६४ विनियोजन गर्ने ।<br>४. वडा नं. ३ स्थित मेघासिटी जाने मूल सडकको खोलाको किनारमा लगाईएको वाल भत्किने अवस्था रहेकोले सो मर्मतको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने ।<br>५. २०८१ भाद्र १४ र १५ गते चन्द्रागिरी न.पा वडा नं. ९ मच्छेगाउँमा</td></tr>
</table>

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | आयोजना भएको राष्ट्रिय लाखेनाच प्रदर्शनी कार्यक्रममा लाखेनाच प्रदर्शनी सहित विविध कार्यक्रममा सहभागि भए वापत वडा नं. ४ मा रहेको धापासी व्याँचुली बासुरी पुचःलाई १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु ५० हजार भुक्तानी उपलव्ध गराउने ।<br>६. टोखा नगरपालिकाको एकिकृत कर संकलन तथा विध्युतीय हाजिरी व्यवस्थापन प्रणाली सफ्ट्वेयर AMC को बार्षिक विल अनुसारको रकम रु. १४३५१०/- सफ्टेक ईन्फोसिस प्रा.लि.लाई भुक्तानी उपलव्ध गराउने ।<br>७. टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिको कार्यालय संचालन तथा विविध परम्परागत मौलिक भाषा, कला संस्कृति सम्बर्द्धन तथा प्रवर्द्धन कार्यक्रम को लागि सम्वन्धित विकास समितिले पेश गरेको प्रस्तावना स्वीकृत गरी प्रस्तावना बमोजिमको कार्य संचालनको लागि सम्वन्धित टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिसंग सम्झौता गर्ने गरी १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने ।<br>८. वडा नं. ३ स्थित बिष्णुमति खोला टोखा प्रहरी प्रभागदेखि उत्तर तर्फ बर्षातले कटान गरेकोले उक्त कटान रोकथामको कार्यक्रम स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु १ लाख विनियोजन गर्ने ।<br>९. न्यूज समायोजन मार्फत स्थानीय तहमा वित्तीय कानुनी सुसाशन बिषयक छलफल अन्तर्क्रिया एवं बृहत रक्तदान कार्यक्रम संचालन गरी सामाजिक कार्य गरे वापत न्यूज समायोजनलाई रु २५ हजार १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट कार्यक्रम संचालनको लागि लागेको खर्च मध्ये सहयोग स्वरुप भुक्तानी उपलव्ध गराउने ।<br>१०. वडा नं. ९ वस्ने एकराज बुर्लाकोटीको नशा तथा टाउको सम्वन्धि औषधि उपचारको लागि १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट रु. १० हजार औषधि उपचार खर्च वापत रकम उपलव्ध गराउने ।<br>११.वडा नं. ८ स्थित सयपत्री नगरदेखि इन्द्रेणीपुल जाने सडक भासिई मर्मत गर्नु पर्ने भएकोले उक्त मर्मत कार्य स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु १ लाख विनियोजन गर्ने ।<br>१२.टोखा नगरपालिका वडा नं. २ स्थित टोखा सपनतिर्थ उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>१३.वडा नं. ९ स्थित बिष्णुमति करिडोर मर्मत एवं गोगंबुँ चोक बजाज सोरुम देखि नयाँ बसपार्क सम्मको ढल बर्षातका कारण मर्मत गर्न अत्यावश्यक भएकोले उक्त मर्मत कार्य स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु ५ लाख विनियोजन गर्ने ।<br>१४.वडा नं. १ स्थित बौडेश्वर मा.वि. हुदै बालमैत्री पार्क सम्म जाने मोटरबाटो |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

स्तरोन्नती कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको (सि.नं. २७५) नगर पूर्वाधार विशेष कार्यक्रममा विनियोजित रकम मध्येबाट रु. २० लाख विनियोजन गर्ने ।

१५.वडा नं. १ स्थित वडुगाउँ वतासेडाँडाँ वाल निर्माणको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको (सि.नं. २७५) नगर पूर्वाधार विशेष कार्यक्रममा विनियोजित रकम मध्येबाट रु ५ लाख विनियोजन गर्ने ।

१६.वडा नं. १ स्थित विडारीगाउँ वाल निर्माणको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको (सि.नं. २७५) नगर पूर्वाधार बिशेष कार्यक्रममा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने ।

१७.घरेलु तथा साना उद्योग संघ काठमाडौंले आयोजना गर्ने औद्योगिक प्रदर्शनी मेलामा नगरपालिका भित्र रहेका स्थानीय उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरु रहने ५ वटा स्टल राखे, सम्वन्धित आयोजकलाई स्टल राखे वापतको प्रतिस्टल रु ३५ हजारका दरले हुने रकम मध्ये ८० प्रतिशत रकम नगरपालिकाबाट र २० प्रतिशत सम्वन्धित व्यावसायीबाट व्यहोर्ने गरी १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।

१८.नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने /रकम | सवारी प्रयोगकर्ता/ चालक |
|---|---|---|---|
| १ | बा २ ब २८६४ | १४०८०/- | जगदिश अधिकारी |

१९. वडा नं. २ को कार्यालयमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको तपशिल बमोजिमको सवारी साधन निजहरु कार्यालय सम्वन्धी कामकाजको शिलशिलामा कार्यालयमा रहेको अवस्थामा निजहरुले कार्यालय अगाडि पार्किङ्ग गरि राखेको बेला सो संगै रहेको मन्दिर परिसरको पर्खाल/ वाल भत्किएर उक्त सवारी साधनमा क्षति पुग्न गएकोले सो क्षतिको मर्मत गर्दा लागेको खर्च १५ औं नगरसभामा सवारी साधन मर्मत खर्च (खर्च शिर्षक नं. २२३१३) शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।

| क्र.स | सवारीको विवरण | मर्मत गर्दा लागेको रकम | सवारी प्रयोगकर्ता/ चालक |
|---|---|---|---|
| १ | बा ०२ प्र ०३४ प ३४८० | २०३९९/९८ | उमेश श्रेष्ठ |
| २ | बा ०२ प्र ०२६ प ४७२८ | ४०८०/०२ | पार्वती श्रेष्ठ |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३ \| बा.८७ प ९९८३ \| १५०६०/४५ \| नवराज अधिकारी<br><br>२०. ३ नं. वडा कार्यालयको मिति २०८१/४/१७ को सिफारिस अनुसार टोखा नगरपालिका वडा नं. ३ स्थित नेपाल सितोरियो कराते,शाखा डोजो, टोखा नामक संस्था दर्ता गरी प्रमाणपत्र जारी गर्न नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने ।<br>२१.ग्वंगःबुँ ल्यायम्ह कवः लाई यःमरी पुन्हीको विविध कार्यक्रम संचालन गर्न २०८० पुस १८ को नगरकार्यपालिका बैठकबाट रु ४० हजार सहयोग उपलव्ध गराउने निर्णय भई उक्त निर्णय बमोजिम सम्वन्धित संस्थाले कार्यक्रम सम्पन्न गरी विल, भर्पाई, वडा कार्यालयको मिति २०८०/११/२३, च.नं. २०९८ को सिफारिस पत्र लगायत कागजात संलग्न गरी भुक्तानीको लागि माग गरेकोले उक्त संस्थालाई निर्णय बमोजिमको रकम १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>२२. टोखा नगरपालिकाको (ठेक्का नं. 28NCB/TM/W/2078-79) ईन्डोर व्याण्डमिन्टन कोर्ट निर्माण हात्तिचोक, वडा नं. ६ निर्माण कार्यको लागि टोखा नगरपालिका र R.B.R निर्माण सेवा, काठमाडौं वीच मिति २०७८/११/१० मा सम्झौता भएकोमा स्थानीय आवश्यकता बमोजिम उक्त निर्माण कार्य संचालन हुने स्थानमा चुनदेवी सामुदायिक विद्यालयको भवन निर्माण कार्य गर्नु परेको र बाँकी रहेको खुल्ला स्थानमा निर्वाचनको मतदान केन्द्र रहने भई सो को लागि खुल्ला क्षेत्र राख्नु पर्ने भएकोले सम्झौता बमोजिमको निर्माण कार्यको लागि स्थान अभाव भएकोले सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सुविस्ताको आधारमा उक्त आयोजनाको ठेक्का रद्ध गरी सम्वन्धित निर्माण सेवालाई जानकारी गराउने।<br>२३.टोखा नगरपालिका वडा नं. ७ स्थित धापासी स्वस्थ्य चौकीमा संचालित विशेषज्ञ सेवा अन्तर्गत सेवाग्राहीहरुको रेकर्ड रिपोर्ट कार्यको लागि बिगत आर्थिक बर्ष देखिनै कम्प्युटर सहायकको रुपमा दैनिक ज्यालादारीमा कार्यरत पुष्पान्जली राना बुढामगर यस आ.ब. को श्रावण देखि समेत निरन्तर रुपमा दैनिक ज्यालादारीमा कार्यरत रहेकोले सम्वन्धित स्वास्थ्य संस्था प्रमुख तथा वडाध्यक्षबाट प्रमाणित काम गरेको दिन खुल्ने डोर हाजिरीको आधारमा २०८१ श्रावण देखि चालु आ.ब. मा निजलाई काममा लगाईएको अवधि सम्म साविक बमोजिमको दरमा नगरसभाबाट स्वीकृत बार्षिक योजना किताबको सि.नं. १२२ मा विनियोजित रकम मध्येबाट पारिश्रमिक उपलव्ध गराउने ।<br>२४.आर्थिक ऐन, २०८१ ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनमा उल्लेख नभएको घ बर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रतिलिपी प्रमाणपत्र को दस्तुर रु. २,०००/ तोक्ने ।साथै संस्था दर्ता ऐन, २०८० बमोजिम टोखा |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | नगरपालिकामा दर्ता हुने संघसंस्थाको दर्ता दस्तुर रु. २,०००/- र नविकरण दस्तुर रु. १,०००/- तोक्ने ।<br>२५. टोखा नगरपालिकामा दीर्घ रोग विरुद्धको अभियानमा मेयर कार्यक्रम कार्यान्वय कार्यविधि, २०७९ को दफा ५ को सि.नं. २ र ३ मा नगरकार्यपालिकाको मिति २०८० बैशाख २८ को बैठकबाट संशोधन भएकोमा उक्त संशोधन खारेज गरी साविककै व्यवस्था २. उच्च रक्तचापको औषधि वितरण र ३. मधुमेह रोगको औषधि वितरण कायम गर्ने ।<br>२६.गत आ.ब. २०८०/८१ मा सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रम संचालन भई भुक्तानी हुन नसकेको रकम चालु आ.ब. को नगरसभाबाट स्वीकृत सि.नं. १२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>२७. वडा नं. ६, ७ र ८ को ग्रीनल्याण्ड चोकमा सडक मर्मतको लागि रु. २८ हजार १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>२८.वडा नं. ३ स्थित इको चख्खु चोकबाट पञ्चेटार जाने बाटोमा जुत्ता कारखाना अगाडि सडकमा वाल निर्माणको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु ८ लाख ५० हजार विनियोजन गर्ने । सोहि स्थानमा भत्केकोपुल भिल्ली पन्चेटार सडक स्तरोउन्नती, टोखा २ र ३ ( ठेक्का नं. १२/NCB/TM/W/२०८०-८१) कार्यको लागि Binaya Nirman Sewa, Kathmandu संग सम्झौता भई कार्य भई रहेकोमा बाढीले सडकको वाल कटान भएको कारण वाल निर्माण नगरिकन सम्झौता बमोजिमको थप कार्य गर्न नसकिने भएकोले वाल निर्माण कार्य सम्पन्न भए पश्चात् सम्झौता बमोजिमको बाँकी कार्य सम्पादन गर्ने तथा नगरपालिकालाई थप व्यय भार नपर्ने गरी ठेक्का सम्झौताको म्याद २०८१ चैत्र मसान्त सम्म थप गर्ने ।<br>२९.विभिन्न विधामा योगदान पुर्याउनुहुने उच्च पदस्थ व्यक्तिहरुलाई सम्मान तथा विशेष साँस्कृतिक कार्यक्रम आयोजना गरी सामाजिक कार्य गरेकोले नागरिक क्रियसन प्रा.लि. लाई उक्त कार्यक्रम व्यवस्थापनको लागि लागेको खर्च मध्ये १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु. २५ हजार सहयोग स्वरुप भुक्तानी उपलव्ध गराउने ।<br>३०.नगरकार्यपालिकाको मिति २०८१-५-१८ को निर्णय नं. ७ बमोजिम गठित स्थानीय भाषा कार्यान्वयन, अनुगमन तथा सहजिकरण समितिको सदस्यमा दिपेन्द्र डंगोल हुनु पर्नेमा दिपेन्द्र श्रेष्ठ हुन गएकोले सोलाई संशोधन गर्ने ।<br>३१. ६ नं. वडा कार्यालयको मिति २०८१-६-१८,च.नं. १३६० को पत्रानुसार १५ औं नगरसभाबाट चुनदेवी सामुदायिक प्राथमिक विद्यालयको निर्माणाधिन भवनमा भर्याङ शौचालय र तल्ला थप को लागि २० लाख विनियोजन भएकोमा उक्त कार्यको लागि विनियोजित रकमले निर्माण कार्य सम्पन्न हुन नसक्ने भएकोले सि.नं. ७१९ मा विनियोजित रकम र सि.नं. ९७ मा सामुदायिक |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | विद्यालयको भौतिक पूर्वाधार विकास तथा मर्मत सम्भार अनुदान (आवश्यकताको आधारमा) शिर्षकमा छुटयाईएको रकम मध्येबाट रु १५ लाख थप गरी उल्लेखित विद्यालयको भौतिक पूर्वाधारको लागि लागत अनुमान अनुसार कार्य सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउने ।<br>३२. सशस्त्र प्रहरी बल,नेपाल, सुरक्षा बेश बालाजु, काठमाडौंको मिति २०८१-६-१६,च.नं. ५२ को पत्रानुसार उक्त सुरक्षा बेशमा रहेको Bagmati B.AC. 2817 नम्बरको महिन्द्र स्कारपियो पिकअप मर्मतको लागि सहयोग माग भएकोमा उक्त पिकअपको मर्मत विल अनुसार अधिकतम् रु. ६० हजार १५ औं नगरसभाको सवारी साधन मर्मत शिर्षकमा विनियोजित रकम मध्येबाट सम्वन्धित मर्मत कम्पनिलाई भुक्तानी उपलव्ध गराउने ।<br>११. टोखा नगरपालिका वडा नं. २ र ३ मा विश्व पर्यटन दिवसका दिन आयोजना भएको फुड फेस्टिवल कार्यक्रमको लागि अघिल्लो कार्यपालिका बैठकबाट विनियोजित रकमले कार्यक्रम संचालनार्थ नपुग भएकोले अघिल्लो कार्यपालिकाको निर्णय बमोजिमकै प्रकृयाअनुसार खर्च गर्ने गरी साविकमा विनियोजित रकममा १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट अधिकतम् रु. १ लाख थप रकम विनियोजन गर्ने ।<br>३३. वडा नं. ३ को सरस्वती स्वास्थ्य चौकीको आयोजनामा मिति २०८१-६-१९ गते हुने स्वास्थ्य शिविर कार्यक्रमको लागि साविक विनियोजित रकममा नपुग रकम १५ औं नगरसभाको सि.नं. १२३ मा विनियोजित रकम मध्येबाट अधिकतम् रु. १ लाख थप विनियोजन गर्ने ।<br>३४.नेपालीहरुको महान चाँड बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४५, म्हपुजा, छठ लगायतका पर्वहरुको अवसरमा समस्त नगरवासीहरु तथा नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने ।<br>३५.मिति २०८१ असोज १० देखि देशभर परेको अविरल बर्षाका कारण हुन गएको जनधनको क्षति प्रति दुःख ब्यक्त गर्दै मृतकहरुको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली ब्यक्त गर्ने, शोकाकुल परिवारजन प्रति समवेदना प्रकट गर्ने र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने । |

Scanned with CamScanner